दोधारा चाँदनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधारा चाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८२।८३
च.नं.:

मितिः २०८२।१२।२२
ने.सं. ११४६ चौलागाः, ०३ आइतबार

## ५०% अनुदानमा मौरी प्रवर्द्धन कार्यक्रममा सहभागिताको लागि आवेदन दिने बारे

सूचना।    सूचना।।    सूचना।।।

(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२२)

उपरोक्त विषय सम्बन्धमा यस दोधारा चाँदनी नगरपालिका, कृषि विकास शाखाको आ.व. २०८२/०८३ को संघीय सशर्त वार्षिक स्वीकृत कार्यक्रम "मौरीपालन प्रवर्द्धन कार्यक्रम" अन्तर्गत ५० प्रतिशत अनुदानमा **मौरीपालन सँग सम्बन्धित सामाग्रीहरू** वितरण गरिने भएकोले इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, तथा कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिल बमोजिमका कागजातहरू संलग्न राखी यस नगरपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघि आएका आवेदन माथि कुनै कारवाही नहुने तथा व्यहोरा जानकारी गराइन्छ।

तपसिल

१. कार्यक्रममा सहभागिताको लागि निवेदन,
२. व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि;
३. कृषक समूहको हकमा आ.व. २०८२/८३ मा कृषक समूह दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र समूहको निर्णय;
४. कृषि सहकारीको हकमा निर्णय तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. कृषि फर्मको हकमा आ.व. २०८२/०८३ मा दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
६. माग गरिने मौरी पालन सँग सम्बन्धित सामाग्रीहरूको विवरण र परिमाण,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस (कृषक समूह/कृषि सहकारी/कृषि फर्मको हकमा मात्र)।

गणेशदत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

Email: dcmun1015@gmail.com
website: www.dodharachandanimun.gov.np
फोन नं.: ०९९४००१८४

मितिः २०८__/___/___

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दोधारा चाँदनी नगरपालिका
कञ्चनपुर

विषयः मौरीपालन सँग सम्बन्धित सामाग्रीहरु माग सम्बन्धमा

महोदय,

प्रस्तुत विषयमा निवेदन यस प्रकार रहेको छ की, तहाँ कार्यालयको मिति २०८२/१२/२२ गते प्रकाशित सूचना बमोजिम मौरीपालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५०% अनुदानमा **मौरीपालन सँग सम्बन्धित सामाग्रीहरु** वितरण कार्यक्रम मा सहभागी हुन म/हामी इच्छुक भएको र आवेदनको लागि आवश्यक पर्ने कागजातहरू र सामाग्री मागको विवरण तपसिल बमोजिम उल्लेख गर्दै यसै निवेदनका साथ पेश गरेको हुँदा यो निवेदन स्वीकृत गरी कार्यक्रममा सहभागी गराइदिन हुन अनुरोध गर्दछु।

<u>तपसिल</u>

| क.सं. | मौरीपालन सँग सम्बन्धित सामाग्रीहरु | इकाई | आवश्यक परिमाण |
|---|---|---|---|
| १. | मौरी घार (गोला नभएको) | | |
| २. | मौरी घार (गोला सहित) | | |
| ३. | सटवान्ड | | |
| ४. | घुम्टि | | |
| ५. | धुँवादानी | | |
| ६. | क्विन/रानी गेट | | |
| ७. | क्विन/रानी केज | | |
| ८. | फीडर | | |
| ९. | कृत्रिम आधार चाका | | |
| १० | अन्य (________________________) | | |
| ११ | अन्य (________________________) | | |

निवेदक

दस्तखत/छापः
कृषक/संस्थाको नामः
ठेगानाः *वडा नं.__, टोल________*
सम्पर्क नं.: